नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११९
४५११५३७
४५१९५०१

फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२/८३
च. नं. :- २६२१

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग
२०५०

मिति: २०८३/०३/३१

**विषय : रूरु बन्चु खोला-२ ज.वि.आ. सम्बन्धमा ।**

श्री रूरु हाइड्रोइलेक्ट्रिक कम्पनी प्रा.लि.
का.म.न.पा.-१४, काठमाण्डौ, नेपाल ।
फोन.नं.०१-४४२६४७२, ९८५१०८९७५५ ९८५१०५०६४०

उपरोक्त सम्बन्धमा तहाँलाई रूरु बन्चु खोला-२ जलविद्युत आयोजना (१२ मे.वा.) को विद्युत उत्पादनको अनुमतिपत्र (वि.उ.१७८) नेपाल सरकार, ऊर्जा मन्त्रालय(सचिवस्तर)को मिति २०७३/०९/१९ गतेको निर्णयानुसार जारी भई उक्त आयोजनाको विद्युत खरिद बिक्री सम्झौता मिति २०७५/०८/२० मा र वित्तीय व्यवस्थापन मिति २०७६/०९/१७ मा सम्पन्न समेत भैसकेको अवस्था छ। यस आयोजनाको हकमा विद्युत खरिद बिक्रीको सुनिश्चितता तथा वित्तीय स्रोतको समेत व्यवस्थापन भैसकेर अनुमतिपत्र जारी भएको १०(दश)वर्षको समय गुज्रिसक्दा समेत तहाँबाट निर्माण कार्यको प्रगति सन्तोषजनक हुन सकेको देखिएन। अनुमतिपत्र प्राप्त गरेर निर्माण कार्य सन्तोषजनक नभएका आयोजनाहरु मध्येको यस आयोजनालाई समेत विभागबाट मिति २०८०/०८/१८ गतेको सूचना मार्फत निर्माण कार्यको प्रगति सम्बन्धी प्रस्तुतीकरण गराएर निर्माण कार्य तदारुकताका साथ अघि बढाउन निर्देशन प्रदान गरिएको थियो। उक्त मितिबाट दुई वर्ष छ महिनाको समय सुधारको लागि प्रदान भैसक्दा समेत मिति २०८३/०१/०४ गते विभागबाट जारी गरिएको सूचना बमोजिम प्राप्त यस आयोजनाको प्रगति विवरण तथा विभाग समक्ष गरिएको प्रस्तुतीकरणको समीक्षा गर्दा तहाँबाट यस आयोजनाको निर्माण कार्यको भौतिक प्रगति हालसम्म पनि सन्तोषजनकरूपमा अघि बढेको देखिएन। विद्युत खरिद बिक्री सम्झौता र वित्तीय व्यवस्थापन समेत भैसकेको अवस्थामा अनुमतिपत्र प्राप्त गरेको १० वर्षको समय गुज्रिसक्दा समेत निर्माण कार्यको भौतिक प्रगति सन्तोषजनकरूपमा अघि नबढेकोले विद्युत ऐन, २०४९ को दफा ८(२) बमोजिम यस आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र (वि.उ.१७८) रद्द गर्नुपर्ने अवस्था देखिएको हुँदा विद्युत ऐनको दफा ८(३) बमोजिम रद्द गर्नुनपर्ने कुनै आधार र कारण भए १५ (पन्ध्र) दिन भित्र सफाई पेश गर्नुहुन विभागको मिति २०८३/०३/२९ गतेको निर्णयानुसार अनुरोध गरिन्छ।

(केशव बस्नेत)
इन्जिनियर